श्रीकृष्णाय नमः

# श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको
# नियमावली-२०८०

प्रमाणीकरण तथा स्वीकृत मिति

केन्द्रीय समितिबाट मिति २०८०।१२।१० मा पारित

**प्रस्तावना :**

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल केन्द्रीय समिति एवं मातहतका प्रदेश, जिल्ला, मन्दिर/सत्संग इकाई समितिहरू तथा यसका सदस्य संस्थाहरूको सञ्चालनमा एकरूपता ल्याई व्यवस्थित गर्नका लागि श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको विधान-२०२३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरि जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंबाट स्वीकृत विधानको आठौं संसोधन र २०८० आश्विन १३ गते सम्पन्न ५६औं वार्षिक साधारणसभाले पारित गरेको विधानको आठौ संशोधन प्रस्तावमा उल्लेखित व्यवस्थालाई समेत स्पष्ट पार्न केन्द्रीय समितिले यो श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको नियमावली-२०८० बनाई लागु गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस नियमावलीको नाम "श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको नियमावली-२०८०" रहने छ र छोटकरीमा सेवा समितिको नियमावली भनिनेछ ।

(ख) यो नियमावली केन्द्रीय समितिले पारित गरे पश्चात तुरुन्त लागु हुनेछ ।

### २. परिभाषा :

(क) "विधान" भन्नाले "श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको विधान-२०२३" लाई सम्झनु पर्दछ ।

(ख) "समिति/उपसमिति" भन्नाले विधान बमोजिम गठित केन्द्रीय स्तरमा केन्द्रीय समिति, प्रदेश स्तरमा प्रदेश समन्वय समिति, जिल्ला स्तरमा जिल्ला समिति र मन्दिर/सत्संग इकाई स्तरमा इकाई समिति एवं संस्थागत सदस्यका सबै तहका समिति वा उपसमिति भन्ने सम्झनु पर्दछ ।

(ग) "धाम" भन्नाले संस्थाको विधानमा उल्लिखित वा यसै नियमावलीको नियम ११(५) मा उल्लेखित मापदण्ड पुरा गरी केन्द्रीय समितिको सिफारिशमा प्रमुख संरक्षकले तोक्नु भएको मन्दिर परिसरलाई सम्झनु पर्दछ ।

(घ) "मन्दिर" भन्नाले संस्था वा यसका सदस्य संस्थाको स्वामित्व वा भोग चलनमा रहेको अचल सम्पत्तिमा स्थापना भई श्री राजश्यामाजीको अष्टप्रहर सेवा सञ्चालन गरी मन्दिरको रूपमा सञ्चालनमा रहेका स्थानलाई सम्झनु पर्दछ ।

(ङ.) "सत्संग" इकाई भन्नाले धाम, मन्दिर, आश्रम, सेवा सदन नभएको स्थानमा सुन्दरसाथहरू संगठीत भइ सत्संग एवम् बिविध धार्मिक कार्यक्रम नियमित रूपले वार्षिक मेला, पर्व, मासिक, पाक्षिक तथा साप्ताहिक सत्संगका साथै समाजपरोकारी कार्य सञ्चालन गरिने व्यवस्थालाई सम्झनु पर्दछ ।

(च.) "सदन, सेवासदन" भन्नाले कुनै पनि स्थानमा सुन्दरसाथहरू संगठीत भइ मन्दिर, आश्रम, गुरुकुल, स्वास्थ्य सेवा, बाल तथा जेष्ठ नागरिक हेरचाह केन्द्र, ध्यान केन्द्र, साधनालय लगायतका बिविध धार्मिक तथा समाजपरोपकारी कार्य सञ्चालन गरिने व्यवस्थालाई समेत सम्झनु पर्दछ ।

३. **व्याख्या गर्ने अधिकार** :

यस नियमावलीमा प्रयोग भएका शब्द वा वाक्यांशको अन्तिम रूपमा व्याख्या गर्ने अधिकार श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, केन्द्रीय समितिमा रहने छ ।

**४. नियमावली पालना गर्नु पर्ने कर्तव्य तथा उत्तरदायित्व :**

यस नियमावलीमा उल्लिखित व्यवस्थाहरूको पालना गर्नु गराउनु सेवा समिति अन्तर्गतका सबै तह तथा निकायका एवम् संस्थाका सदस्य संस्था समेतका प्रदेश, जिल्ला, मन्दिर, आश्रम, सत्संग इकाई लगायतका सबै निकायका समितिको कर्तव्य तथा उत्तरदायित्व हुनेछ ।

परिच्छेद–२

## समिति गठन प्रकृया

५. **केन्द्रीय समिति सम्बन्धी व्यवस्था :**

(१) विधानको दफा १५ को उपदफा (१) बमोजिम संस्थाको कार्य सञ्चालनको निमित्त केन्द्रीय स्तरमा एक केन्द्रीय समिति गठन गरिनेछ ।

(२) देशको शासकीय संरचनामा भएको परिवर्तन तथा आवश्यकता अनुसार केन्द्रीय समितिमा सबै प्रदेश तथा क्षेत्रको प्रतिनिधित्व हुने गरी देहाय बमोजिमका ४१ (एकचालिस) जनासम्म पदाधिकारी तथा सदस्यहरू रहनेछन् ।

(क) अध्यक्ष-१ जना,
(ख) निवर्तमान अध्यक्ष-१ जना,
(ग) उपाध्यक्ष-७ जना,
(घ) महासचिव-१ जना,
(ङ) कोषाध्यक्ष-१ जना,
(च) उपमहासचिव-१ जना,
(छ) सहकोषाध्यक्ष-१ जना,
(ज) सदस्य –२५ जना
(झ) श्री नवतनधाम व्यवस्थापन समितिको सम्योजक–१ जना पदेन सदस्य,
(ञ) श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालको केन्द्रीय अध्यक्ष–१ जना पदेन सदस्य,
(ट) श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपालको केन्द्रीय अध्यक्ष–१ जना पदेन सदस्य ।

सल्लाहकार समितिको सम्योजक, संरक्षक परिषद् सचिवालयको सम्योजक तथा प्रदेश सम्योजकहरु र विभागीय सम्योजकहरुलाई आमन्त्रित विशेष सदस्यका रुपमा केन्द्रीय समितिको बैठकमा भागलिन बोलाउन सकिनेछ । तर आमन्त्रित विशेष सदस्यलाई गणपुरक संख्यामा गणना गरिने छैन ।

(३) यो संस्था धार्मिक तथा सामाजिक संस्था भएकोले नियम ५(२) बमोजिमको केन्द्रीय समिति चयन गर्दा सल्लाहकार समिति र संरक्षक परिषद सचिवालयको सहजिकरणमा सम्भव भएसम्म सहमतीय प्रणालीमा निम्नानुसार गठन गरिने छ ।

(क) अध्यक्ष चयन गर्दा केन्द्रीय समितिमा एक कार्यकाल पदाधिकारीको हैसियतमा काम गरिसकेका ब्यक्तिहरु मध्येबाट प्रत्यक्ष रुपमा अध्यक्ष चयन गरिनेछ ।

(ख) उपाध्यक्षहरुको चयन गर्दा प्रदेशगत रुपमा ५ जना प्रत्यक्ष चयन गरिनेछ र बाँकि २ जना उपाध्यक्षहरुको हकमा श्रीकृष्ण प्रणामी सत्संग सेवा परिषद झापाले मनोनित गरि पठाएको १ जना र र श्रीकृष्ण प्रणामी प्रतिष्ठान इटहरीले मनोनित गरि पठाएको १ जना रहने छन ।

(१) प्रत्यक्ष चयन गरिने ५ जना उपाध्यक्षहरुको हकमा सम्बन्धित प्रदेश तथा क्षेत्रका केन्द्रीय सभामा प्रतिनिधि गर्ने सदस्यहरुले केन्द्रीय समितिमा एक कार्यकाल पुरा काम गरिसकेका ब्यक्तिहरु मध्येबाट देहाय बमोजिम गरिने छ ।

(अ) कोशी प्रदेशबाट एक जना,

(आ) मधेश प्रदेशबाट एक जना,

(इ) बागमती प्रदेशबाट एक जना

(ई) गण्डकी प्रदेश र लुम्बिनी प्रदेश (बांके, बर्दिया बाहेक) बाट एक जना,

(उ) कर्णाली र सुदुर पश्चिम प्रदेश (बांके, बर्दिया समेत) बाट एक जना र

(२) श्रीकृष्ण प्रणामी सत्संग सेवा परिषद झापा र श्रीकृष्ण प्रणामी प्रतिष्ठान नेपालबाट मनोनित गरि पठाउने २ जना उपाध्यक्षहरुको हकमा ति संस्थाहरुको विधानमा श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, प्रणामी समाजको केन्द्रीय संस्था भएको, ति संस्था श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको संस्थागत सदस्य भएको र ती संस्थाको तर्फबाट श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको केन्द्रीय समितिमा एक उपाध्यक्ष रहने कुरा उल्लेख गर्नु पर्नेछ ।

(ग) महासचिव र कोषाध्यक्ष : साधारणसभामा उपस्थित नेपाल राज्यभरका प्रतिनिधिहरु मध्येबाट साधारणसभाले प्रत्यक्ष चयन गर्नेछ ।

(घ) सदस्यहरुको चयनका हकमा १२ जना प्रदेश तथा क्षेत्रगत सदस्य र ५ खुल्ला सदस्य साधारणसभाले प्रत्यक्ष चयन गर्नेछ भने १० जना मनोनित सदस्यहरु रहने छन् ।

(१) प्रदेश तथा क्षेत्रगत् सदस्यहरुको हकमा सम्बन्धित प्रदेशका केन्द्रीय सभाका प्रतिनिधिहरु मध्येबाट कोशी प्रदेशबाट-२ जना, मधेश प्रदेशबाट-२ जना, बागमती प्रदेश (उपत्यका बाहेक) बाट-२ जना, गण्डकी तथा लुम्बिनी प्रदेश (बांके, बर्दिया बाहेक) बाट-२ जना, कर्णाली तथा सुदुर पश्चिम प्रदेश (बांके, बर्दिया समेत) बाट-२ जना, र काठमाण्डौ उपत्यकाबाट-२ जना रहने छन ।

(२) ५ जना खुल्ला सदस्यको हकमा केन्द्रीय साधारणसभामा उपस्थित नेपाल राज्यभरका प्रतिनिधिहरु मध्येबाट साधारणसभाले प्रत्यक्ष चयन गर्नेछ ।

(३) मनोनीत सदस्यको हकमा उपनियम (क), (ख), (ग), र (घ) बमोजिम पदाधिकारी तथा सदस्यहरु चयन गरी नियम ५(२)को (झ), (ञ) र (ट) मा उल्लेखित ३ जना पदेन सदस्यहरु सहित गठित केन्द्रीय समितिको बैठकले संस्थाका साधारण सदस्यता प्राप्त गरेका योग्य सुन्दरसाथ मध्येबाट सन्त, महन्त, पंडित, प्रचारक, विद्वान, बिदुषि समेतको प्रतिनिधित्व हुने गरि तीन जना महिला सहित १० जनासम्म सदस्य मनोनित गर्नेछन ।

(ङ) नियम ५(३) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम पदाधिकारी तथा सदस्यहरु चयन भई गठीत कार्य समितिले योग्यता पुगेका २७ जना सदस्यहरु मध्येबाट अध्यक्षको प्रस्तावमा योग्यता पुगेका उपयुक्त सदस्यबाट एक जना-उपमहासचिव र एकजना-सहकोषाध्यक्षको कार्य विभाजन गर्नेछ । कार्य समितिले आवश्यक ठानेमा यसरी छनौट गरी चयन भएका पदाधिकारीहरुको पद हेरफेर समेत गर्न सक्नेछ ।

## ६. **केन्द्रीय सचिवालय समिति सम्बन्धी व्यवस्था :**

(१) विधानको दफा १९ को (४) मा ब्यवस्था भए बमोजिम केन्द्रीय समितिले गर्नु पर्ने काम छिटो, सुचारू र प्रभावकारी रूपले सञ्चालन र व्यवस्थापन गर्न निम्न पदाधिकारी रहेको एक केन्द्रीय सचिवालय समिति गठन हुनेछ :-

(क) अध्यक्ष - १ जना,

(ख) उपाध्यक्ष - २ जना, (बागमती प्रदेशको उपाध्यक्ष र उपाध्यक्षहरु मध्येबाट १ जना)

(ग) महासचिव- १ जना,

(घ) कोषाध्यक्ष- १ जना,

(ङ) समितिका पदाधिकारी एवं सदस्यहरू मध्येबाट कार्य समितिले तोकिदिएका-४ जना सदस्य ।"

तर समितिले आवश्यक ठानेमा एक/एक वर्षमा सदस्यहरू हेरफेर गर्न सक्नेछ ।

(२) सचिवालय समितिका कूल सदस्य संख्याको २/३ (दुई तिहाई) सदस्य उपस्थित नभई सचिवालय समितिको वैठक वस्ने छैन र सचिवालय समितिको वैठक वोलाउंदा केन्द्रीय समितिका सवै पदाधिकारी सदस्यहरूलाई जानकारी गराइने छ । सचिवालय समितिको वैठकमा उपस्थित हुन चाहेमा निजहरू उपस्थित हुन सक्नेछन् ।

(३) उपरोक्त बमोजिम गठित समितिले आफूले गरेको कामको प्रगति सहितको विवरण आगामि केन्द्रीय समितिको पूर्ण बैठक समक्ष प्रस्तुत गर्नेछ ।

## ७. **प्रदेश समन्वय समिति सम्वन्धी व्यवस्था :**

(१) विधानको दफा १५को उपदफा(१क)मा उल्लेख भए बमोजिम प्रदेशमा जिल्ला तथा इकाईहरुको बीचमा समन्वयकारी भूमिका निर्वाह गर्न एक प्रदेश समन्वय समिति देहाए बमोजिम गठन गरिने छ ।

(क) केन्द्रीय समितिले मनोनित गरेका-२ जना महिला सहित बढीमा-५ जना सदस्य,

(ख) प्रत्येक जिल्ला समितिले मनोनयन गरि पठाएका-१ जना सदस्य ।

(ग) जिल्ला समिति गठन नभएका जिल्लाहरुबाट पनि सम्बन्धित इकाई समितिहरुले आपसमा समन्वय गरी एक जना सदस्य पठाउन सक्ने छन ।

(घ) यसरी प्रत्येक प्रदेश समन्वय समितिमा केन्द्रीय समिति तथा जिल्ला समितिसहित सबैबाट मनोनित सदस्यहरु मध्येबाट केन्द्रीय समितिले प्रदेश समन्वय समितिको सम्योजक तोक्नेछ ।

(२) प्रदेश समन्वय समिति गठन हुँदा तपशिल बमोजिम प्रदेश तथा क्षेत्र समावेश गरी ५ प्रदेश कायम गरिने छ ।

(क) कोशी प्रदेश

(ख) मधेश प्रदेश,

(ग) बागमती प्रदेश

(घ) गण्डकी तथा लुम्बीनी प्रदेश (बांके र बर्दिया बाहेक),

(ङ) कर्णाली तथा सुदुरपश्चिम प्रदेश (बांके र बर्दिया समेत) ।

## ८. जिल्ला तथा इकाई समिति सम्वन्धी व्यवस्था :

जिल्ला तथा इकाई समिति गठन सम्बन्धी ब्यवस्था क्रमश: विधानको दफा १५(२) र १५(३) मा उल्लेख भए बमोजिम हुनेछ र पदाधिकारीहरु चयन गर्दा सम्भव भएसम्म सहमतीय प्रणालीमा गरिने छ ।

## ९. पदावधि, प्रतिनिधि तथा थप योग्यता सम्बन्धी व्यवस्थाः

(१) विधानको दफा १५ को उपदफा (५) बमोजिम कार्य समितिका पदाधिकारी सदस्यहरुको पदावधि ३ (तीन) वर्षको हुनेछ र निजहरु पुनः निर्वाचित हुन सक्नेछन् । सामान्यतया कुनै पनि ब्यक्ति कुनै पनि पदमा ३ पटक (तीन कार्यकाल) भन्दा बढी रहन सक्ने छैन । तर केन्द्रीय समितिका हकमा भने लगातार २ (दुई) पटक भन्दा बढी रहन सक्ने छैनन ।

(२) विधानको दफा १६ मा ब्यवस्था भएका अतिरिक्त इकाई वा जिल्ला समितिको अध्यक्ष तथा प्रदेश समन्वय समितिको सम्योजकले माथिल्लो कार्य समितिको पदाधिकारी वा सदस्य पदको लागि हुने निर्वाचनमा उम्मेदवार हुन पाउने छैन । तर मतदानमा भाग लिन पाउनेछ ।

(३) केन्द्रीय समितिमा कम्तिमा एक कार्यकाल सेवा नगरेको ब्यक्ति केन्द्रीय समितिको अध्यक्ष तथा उपाध्यक्ष पदमा उम्मेद्वार हुन योग्य मानिने छैन ।

(४) विधानको दफा १७ का अतिरिक्त श्रीकृष्ण प्रणामी धर्मको आधारभूत सिध्दान्त, रेहनी, श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको विधान तथा आफु रहन चाहेको पदको कर्तब्य र जिम्मेवारीको न्युनतम ज्ञान नभएको र श्रीकृष्ण प्रणामी धर्म (निजानन्द सम्प्रदाय)मा दीक्षित नभएको ब्यक्ति समितिका कुनैपनि पदको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन ।

(५) उपरोक्त ब्यवस्थाहरु सदस्य संस्थाका कुनैपनि तहका समिति समेतमा लागु हुनेछ ।

## १०. श्री नवतनधाम विराट विकास समिति सम्बन्धी ब्यवस्था :

(१) सेवा समितिको विधानको दफा २४ को उपदफा (३) मा उल्लेख भए बमोजिम श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको केन्द्रीयधाम श्री नवतनधामको विकास निर्माण सम्बन्धी गुरुयोजनाको निरन्तर तथा दीर्घकालिन कार्यान्वयनका लागि एक सशक्त श्री नवतनधाम विराट विकास समिति गठन गरिनेछ ।

(२) प्रमुख संरक्षकबाट श्री नवतनधामका गादिपति महाराज, महन्त महाराज, केन्द्रीय अध्यक्ष, केन्द्रीय सल्लाहकार सम्योजक तथा संरक्षक परिषद सचिवालय सम्योजकको परामर्शमा श्री नवतनधाम विराट विकास समितिको गठन देहाए बमोजिम हुनेछ ।

(क) श्री नवतनधामका गादिपति महाराज - संरक्षक
(ख) श्री नवतनधामका महन्त महाराज - सम्योजक
(ग) केन्द्रीय अध्यक्ष............................ . - पदेन सहसम्योजक
(घ) श्री नवतनधाम ब्य.स.का सम्योजक - पदेन सदस्य-सचिव
(ङ) कोषाध्यक्ष-................................ .- १ जना
(च) सदस्यहरु -..................... .- १३ जना सम्म
(छ) केन्द्रीय सल्लाहकार सम्योजक.............. - पदेन सदस्य
(ज) बागमती प्रदेशबाट निर्वाचित केन्द्रीय उपाध्यक्ष-पदेन सदस्य ।
(झ) श्रीकृष्ण प्रणामी युवा परिषद नेपाल तथा श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपालका केन्द्रीय अध्यक्षहरु वा अध्यक्षहरुले मनोनयन गरेका उपाध्यक्षहरु मध्येबाट -२ जना- पदेन सदस्य,
(ञ) भौतिक योजना तथा विकास निर्माण विभागका संयोजक - पदेन सदस्य,
(ट) श्री नवतनधाम व्यवस्थापन समितिले तोकि पठाएका व्यवस्थापन समितिका एक जना उपसम्योजक सहित-तीन जना पदेन सदस्य,
(ठ) आवश्यकताका अनुसार विज्ञ परामर्शका लागि प्राविधिक विज्ञहरु (वैतनिक वा अवैतनिक) नियुक्त गरी उनीहरुलाई समितिको बैठकमा भाग लिन बोलाउन सकिने छ ।
(ड) संरक्षक, सम्योजक र पदेन सदस्य बाहेकका पदाधिकारी सदस्यहरुको पदावधी ४ बर्षको हुनेछ । निजहरु पुनः मनोनयन हुन सक्नेछन ।

(३) श्री नवतनधाम विराट विकास समितिले श्री नवतनधामको विकास निर्माणका लागि निम्नानुसारका कार्यहरु गर्नेछ ।

(क) विस्तृत गुरुयोजना तयार गरि केन्द्रीय समितिबाट पारित गराई लागु गर्ने ।
(ख) स्वीकृत गुरुयोजनाको कार्यान्वयन गर्ने गराउने र केन्द्रीय समितिको सहमतिमा आवश्यकता अनुसार परिमार्जन गर्ने ।
(ग) गुरुयोजनाको कार्यान्वयनको लागि आवश्यक आर्थिक तथा अन्य श्रोतको परिचालन श्री नवतनधाम विराट विकास समितिले तोकेको कार्यविधि अनुसार गर्ने गराउने ।
(घ) विकास निर्माण गर्न गराउन विभिन्न संघसंस्था तथा सरकारी गैर सरकारी निकायमा सम्पर्क कायम गरी कार्यक्रमको प्रस्ताव तयार गरी सम्बन्धित निकायमा पेश गर्ने गराउने लगायतका कार्यहरु गर्ने गराउने ।
(ङ) श्री नवतनधाम विराट विकास योजना अन्तर्गत भए गरेका कार्यहरुको प्रगति विवरण तयार गरी केन्द्रीय समितिमा त्रैमासिक प्रगति प्रतिवेदन पेश गर्ने र वार्षिक प्रगति प्रतिवेदन श्री नवतनधाम सभामा प्रस्तुत गर्ने ।

परिच्छेद–३

## पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार

११. संस्थाको उद्देश्य हासिल गर्न विधानको दफा १९ मा उल्लेखित कार्य समितिको काम, कर्तब्य र अधिकारको पालना गर्नु सबै समितिका पदाधिकारीहरुको कर्तब्य हुनेछ ।

## १२. समितिका पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

### १२.१ अध्यक्षको काम, कर्तव्य र अधिकारः

क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।

ख) निर्णायक मत दिने ।

ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

घ) संस्थाको नेतृत्व दिने ।

ङ) आवश्यकता अनुसार बैठक बोलाउन महासचिव/सचिवलाई निर्देशन दिने ।

च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

छ) अभिलेख प्रमाणित गर्ने ।

ज) विधान अन्तर्गतका तोकिएका विभिन्न समिति तथा उपसमितिका बैठकमा भागलिने,

झ) संस्थाको सांगठानिक एवं प्रशासनिक व्यवस्था सुदृढ गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

ञ) संस्थाका प्रमुख संरक्षक, विशिष्ट संरक्षक, विशेष संरक्षक तथा संरक्षकज्यूसंग निरन्तर सम्पर्कमा रहि उहाँहरुबाट धार्मिक विषयमा प्राप्त निर्देशनहरु पालना गर्न गराउन लगाउने ।

ट) संस्थाको हितमा आइपर्ने अन्य कार्य गर्ने गराउने ।

### १२.२ उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

क) अध्यक्षलाई सहयोग गर्ने ।

ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

घ) आफूले प्रतिनिधित्व गर्ने प्रदेश, क्षेत्र तथा संस्थासंग समितिको निर्णयहरु कार्यान्वयन गर्न गराउन लगाउने,

ङ) संस्थाको हितमा आइपर्ने अन्य कार्य गर्ने गराउने ।

### १२.३ महासचिव/सचिवको काम, कर्तव्य र अधिकारः

क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने ।

ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।

ग) अभिलेख सुरक्षित राख्ने ।

घ) संगठनात्मक ब्यवस्था सम्बन्धमा अध्यक्षलाई सहयोग गर्ने ।

ङ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

### १२.४ कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।

ख) साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

ग लेखा तथा संस्थाको सम्पत्तिको लेखा तथा अभिलेख दुरुस्त राख्ने ।

घ) नियमित रुपमा बार्षिक लेखापरीक्षण गराउने ।

ङ) संस्थाको लेखाप्रणाली चुस्तदुरुस्त राख्न आवश्यक प्राविधिक सहयोग लिने ।
च) लेखापरीक्षणबाट देखिएका कैफियतहरु समाधान गर्न कार्य योजना बनाई लागू गर्ने ।
छ) कोष बृद्धिका लागि प्रयत्नशिल रहने ।

**१२.५ उपमहासचिव/सहसचिवको काम, कर्तव्य र अधिकारः**

क) महासचिव/सचिवलाई सहयोग गर्ने ।
ख) अध्यक्ष तथा महासचिव/सचिवले दिएको जिम्मेवारी पूरा गर्ने ।
ग) महासचिव/सचिवको अनुपस्थितिमा निजको कार्य गर्ने ।
घ) संस्थाको हितमा आइपर्ने अन्य कार्य गर्ने गराउने ।

**१२.६ सहकोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

क) कोषाध्यक्षलाई सहयोग गर्ने ।
ख) अध्यक्ष र कोषाध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।
ग) कोषाध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।
घ) संस्थाको हितमा आइपर्ने अन्य कार्य गर्ने गराउने ।

**१२.७ सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।
ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।
ग) अध्यक्ष र महासचिवले दिएको जिम्मेवारी पूरा गर्ने ।
घ) आफूले प्रतिनिधित्व गर्ने प्रदेश, क्षेत्र तथा संस्थासंग समितिको निर्णयहरु कार्यान्वयन गर्न गराउन लगाउने ।
ङ) संस्थाको हितमा आइपर्ने अन्य कार्य गर्ने गराउने । ।

**१३. प्रदेश संम्योजक तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः :**

(क) मातहतका जिल्ला तथा इकाई समितिहरुको विकासमा समन्वय एवं सहयोग पुऱ्याउने ।
(ख) प्रदेशस्तरको समन्वयात्मक भुमिका निर्वाह गर्दै प्रदेश स्तरका सरकारी तथा अन्य निकाय एवं संस्थाहरु संग संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने, समन्वय गर्ने ।
(ग) प्रदेशस्तरमा संस्थाको पहुच एवं उपस्थिति पुऱ्याउने कार्य गर्ने ।
(घ) मातहतका जिल्ला समिति तथा मन्दिर एवं इकाई समितिहरुमा भ्रमण गरी सम्वन्धित समितिहरुको कार्य दक्षता एव समाज र धर्मको विकासमा प्रत्यक्ष योगदान वढाउन प्रेरित गर्ने ।
(ङ) प्रत्येक केन्द्रीय समितिको वैठकमा आफ्नो प्रदेशको मुख्य मुख्य कार्यहरुको प्रगति विवरण पेश गर्ने तथा केन्द्रीय समितिबाट गरिनु पर्ने कार्यहरुको जानकारी गराउने ।
(च) केन्द्रीय समितिले तोकेको अन्य काम कर्तब्य अधिकार वहन गर्ने ।

**१४.** इकाई तथा जिल्ला समितिमा रहने पदाधिकारीहरुले क्रमशः इकाई र जिल्ला समिति सम्बन्धित माथि उल्लेखित कार्यहरु गर्नेछन् ।

**१५.** संस्थाको विधान तथा नियमावली अनुसार गठन हुने समिति/उपसमिति तथा तत्अन्तर्गतका सम्योजक र सदस्यहरुको कार्य विवरण गठनको समयमा तोकिए बमोजिम हुनेछ ।

परिच्छेद–४

## संरक्षक परिषद्, धर्मसभा तथा सचिवालय सम्बन्धी व्यवस्था

### १६. संरक्षक परिषद् सम्बन्धी व्यवस्था :

(१) विधानको दफा २२ बमोजिम प्रमुख संरक्षकको सम्योजकत्वमा एक संरक्षक परिषद् रहनेछ ।

(२) संरक्षक परिषद गठन, बैठक सञ्चालन तथा निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) विधानको दफा २२ (२)मा व्यवस्था भए बमोजिम संरक्षकज्यूहरुलाई प्रमुख संरक्षकको निर्देशन बमोजिम संरक्षक परिषदमा मनोनयन हुनु भएको पत्र संरक्षक परिषद सचिवालय मार्फत प्रदान गरिने छ ।

(ख) संरक्षक परिषदमा सदस्य थपघट गर्न आवश्यक परेमा संरक्षक परिषद सचिवालयले संरक्षक परिषद बैठकमा पेश गर्नेछ र संरक्षक परिषदको निर्णय अन्तिम हुनेछ ।
तर, संरक्षक परिषदको बैठक कुनै कारणबस बस्न नसकेमा वा ढिला हुने भएमा प्रमुख संरक्षकको निर्णय कार्यान्वयनमा लगिने छ र आगामी संरक्षक परिषदको बैठकबाट अनुमोदन गरिने छ ।

(ग) केन्द्रीय समितिले संरक्षक परिषदको बैठक बस्न आवश्यक देखेमा संरक्षक परिषद सचिवालय मार्फत प्रमुख संरक्षकलाई अनुरोध गर्न सक्नेछ ।

(घ) प्रमुख संरक्षकले संरक्षक परिषदको बैठक बोलाउन संरक्षक परिषद सचिवालय सम्योजकलाई निर्देशन दिन सक्नु हुनेछ ।

(ङ) संरक्षक परिषदको बैठकको व्यवस्थापन केन्द्रीय समितिले गर्नेछ ।

(च) संरक्षक परिषदको निर्णयहरु संरक्षक परिषद सचिवालय मार्फत कार्यान्वयनका लागि केन्द्रीय समितिलाई लिखित जानकारी गराउनु पर्नेछ ।

### १७. धर्म सभा सम्बन्धी व्यवस्था :

(१) विधानको दफा २३ बमोजिम केन्द्रीयधाम श्री नवतनधामका गादिपति महाराजको सम्योजकत्वमा एक धर्मसभा गठन हुनेछ ।

(२) धर्म सभा बोलाउने कार्यविधि, धर्म सभा बैठक, सभा संचालन र धर्म सभाको काम, कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछ ।

(क) श्रीकृष्ण प्रणामी धर्मको संरक्षण एवं सम्वर्धनका लागि दीर्घकालिन तथा अल्पकालिन नीति निर्धारण, कार्य निर्देशन तथा समसामयिक धार्मिक विषयमा श्रीकृष्ण प्रणामी सेवा समिति नेपाललाई आवश्यक मार्गनिर्देशन दिन सक्नेछ ।

(ख) धर्मसभाको सञ्चालनका लागि केन्द्रीय समितिले तयार गरी सिफारिश गरेको निम्न विषयहरु समेटिएको कार्यविधि यो नियमावली लागु भएपछिको पहिलो धर्मसभाले पारित गरेपछि लागु हुनेछ ।

(ग) केन्द्रीय समितिले धार्मिक विषयमा देखिएका समसामयिक धार्मिक विषयमा छलफल गरि निर्णय गर्नुपर्ने लागेमा धर्मसभा बोलाउन सम्योजक र सदस्यसचिवलाई अनुरोध गर्न सक्नेछ । यसरी अनुरोध भई आएका विषयमा प्रमुख संरक्षक, बिशिष्ट संरक्षक, बिशेष

संरक्षक एवं संरक्षकहरुसंग सल्लाह गरी धार्मिक विषयको गहनता हेरि धर्मसभा बोलाउने वा आवश्यक निर्देशन दिन सक्नेछन ।

(घ) धर्मसभा बोलाउनका लागि सदस्य सचिवले सम्योजकसंग परामर्श गरी एजेण्डा र विवरण तयार गरी कम्तीमा एक महिनाको समय दिएर सबै सदस्यहरुलाई पठाउनु पर्नेछ ।

(ङ) धर्मसभाको बैठकमा प्रमुख संरक्षक, बिशिष्ट संरक्षक एवं बिशेष संरक्षकहरुलाई भागलिनका लागि अनुरोध गर्न सकिने छ ।

(च) धर्मसभाको अध्यक्षता सम्योजकले गर्नुहुनेछ, सम्योजक अनुपस्थित रहेका बखत उप-सम्योजकले अध्यक्षता उपसम्योजकले गर्नुहुनेछ, र सञ्चालन सदस्य सचिवले गर्नु हुनेछ ।

(छ) धर्मसभाले गर्ने निर्णयहरु सामान्यतयाः सर्वसहमतिमा गरिनेछ ।

(ज) धर्मसभाको आयोजना प्रत्येक वर्ष कम्तीमा एकचोटि गरिनेछ ।

(झ) धर्मसभाका निर्णयहरु सभा बसेको एकमहिनाभित्र सदस्यसचिवले प्रमुख संरक्षकलाई लिखित जानकारी गराउनु पर्नेछ ।

(ञ) धर्मसभाले गरेका निर्णयहरू प्रमुख संरक्षकबाट अनुमोदन भएपछि मात्र लागु हुनेछ ।

(ट) धर्मसभाले गरेका निर्णयहरु कार्यान्वयनका लागि केन्द्रीय समितिले आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ ।

(३) पण्डित तथा प्रचारकहरूको काम कर्तव्य र अधिकार तथा उहाँहरूले धर्म प्रचार प्रसार गर्ने सम्बन्धमा गर्नु पर्ने कामहरूका सम्बन्धमा धर्म सभाले छुट्टै विनियमावली बनाई व्यवस्थित गर्नेछ ।

## १८. <u>संरक्षक परिषद् सचिवालय सम्बन्धी ब्यवस्था</u> :

(१) विधानको दफा २३(क)मा उल्लेखित संरक्षक परिषद् सचिवालयको ब्यवस्थाको हकमा प्रमुख संरक्षकबाट संरक्षक परिषद्को काम काजलाई सुव्यवस्थित गर्न देहाय बमोजिम एक स्थायी संरक्षक परिषद सचिवालय गठन गर्न सक्नु हुनेछ ।

(क) प्रमुख संरक्षकबाट तोकिएका १ जना सम्योजक,

(ख) केन्द्रीय अध्यक्ष र केन्द्रीय सल्लाहकार समितिका सम्योजकसहित ८ जनासम्म सदस्य ।

(२) सम्योजक र सदस्यहरुको पदावधि ५ वर्षको हुनेछ । निजहरु पुनः मनोनयन हुन सक्नेछन ।

(३) संरक्षक परिषद सचिवालयले निम्न कार्यहरु सम्पादन गर्नेछ ।

(क) यो सचिवालयले प्रमुख संरक्षकको सचिवालयको रुपमा समेत कार्य गर्नेछ ।

(ख) संरक्षक परिषद सचिवालयले प्रमुख संरक्षकको निर्देशनमा संरक्षक परिषदको बैठक आयोजना गर्ने, छलफलका प्रस्ताव तयार गर्ने, पूर्व बैठकबाट भएका निर्णयहरु पालना भए नभएको अनुगमन गरी प्रमुख संरक्षक समक्ष तथा धर्मसभामा प्रगति प्रतिवेदन पेश गर्ने लगायतका कार्य गर्नेछ ।

(ग) केन्द्रीय समितिको निर्वाचनमा सहमतीय पद्धतीबाट नेतृत्व चयनको वातावरण तयार गर्न केन्द्रीय सल्लाहकार समितिसंग समन्वय गरी सहजिकरण गर्ने ।

(घ) कार्य समितिका पदाधिकारी सदस्यको कार्य सम्पादन मूल्यांकन गरी प्रमुख संरक्षक समक्ष पेश गर्ने ।

(ङ) केन्द्रीय समितिको विभिन्न पदमा नेतृत्वका लागि आकांक्षी सुन्दरसाथहरुको नेतृत्व विकास तालिम कार्यक्रमहरु आयोजना गर्ने तथा केन्द्रीय समितिमा निर्वाचित भएका पदाधिकारी सदस्यको पदीय जिम्मेवारी बारे प्रशिक्षण कार्यक्रम आयोजना गर्ने ।

(च) प्रमुख संरक्षकबाट स्वीकृत कार्यविधि बमोजिम संरक्षक परिषद सचिवालय सञ्चालन हुनेछ ।

परिच्छेद–५

## केन्द्रीय धाम तथा अन्य धाम सम्बन्धी ब्यवस्था

### १९ नेपालमा रहेका केन्द्रीय मन्दिर तथा धामहरु :

(१) विधानको दफा २४ (१)मा उल्लेखित काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं.-८ मा स्थापित **श्री नवतनधाम** यस संस्थाको तथा नेपालका समस्त श्रीकृष्ण प्रणामी धर्म ( निजानन्द सम्प्रदाय)का अनुयायी सुन्दरसाथहरुको प्रमुख एवं केन्द्रीय धाम (मन्दिर) रहने छ ।

(२) विधानको दफा २४ (१क)मा उल्लेखित सुनसरी जिल्ला इटहरी न.पा. वडा नं.-४ मा २०३५ सालमा संस्थापित श्रीकृष्ण  प्रणामी मन्दिर, **मुक्तिधाम** यस सस्थाको प्रसिद्ध धाम रहने छ ।

(३) विधानको दफा २१ बमोजिम प्रमुख संरक्षकले देहायका श्रीकृष्ण प्रणामी मन्दिरहरुलाई क्षेत्रीय धामका रुपमा तोक्नु भएको छ ।

(क) **श्री धर्मधामः** चितवन जिल्ला रत्ननगर न.पा. वडा नं.-११ मा स्थापित श्रीकृष्ण प्रणामी मन्दिर, धर्मधाम, यस संस्थाको क्षेत्रीय धाम (मन्दिर) रहेको छ ।

(ख) **श्री निजानन्दधामः** रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं.-९ मा स्थापित श्रीकृष्ण प्रणामी मन्दिर, निजानन्दधाम, यस संस्थाको क्षेत्रीय धाम (मन्दिर) रहेको छ ।

(४) विधानको दफा २१ को उपदफा (४) मा उल्लेख भए बमोजिम कुनैपनि स्थानमा स्थापित निम्न मापदण्डहरु पुरा गरेका श्रीकृष्ण प्रणामी मन्दिरले धाम घोषणाका लागि इकाई समितिबाट निर्णय गराई केन्द्रीय समितिमा पेश गरेको अवस्थामा प्रमुख संरक्षकले केन्द्रीय समितिको सिफारिशमा धाम नामाकरण गरि तोक्न सक्नु हुनेछ :

(क) ५०० भन्दा बढि सुन्दरसाथहरु विधान बमोजिम सदस्य भएको,

(ख) एक विघाभन्दा बढि जमीन संस्थाको स्वामित्वमा रहेको,

(ग) ५,००० वर्गफिटभन्दा बढि क्षेत्रफल भएको मन्दिर भवनका अतिरिक्त धार्मिक प्रशिक्षण, आवास तथा रसोई घर, सत्संग हल, गौशाला एवं शौचालय तथा विजुली, पानीको सुविधा सम्पन्न भएको,

(घ) मन्दिर स्थापना भएको २५ वर्ष पुरा भएको,

(ङ) कम्तिमा एकपटक १०८ वा सो भन्दा बढि श्रीमत्तारतम सागर पाठ पारायण ज्ञान महोत्सव आयोजना गरेको र

(च) श्रीकृष्ण प्रणामी धर्म निजानन्द सम्प्रदायको सम्पूर्ण तालिम हासिल गरेको, सनातन धर्मशास्त्र तथा अन्य धर्म सम्प्रदायको जानकार तथा योग्य महन्त भएको स्थान हुनु पर्नेछ ।

(५) श्रीकृष्ण प्रणामी धर्माचार्य वा परमहंस महाराजजीबाट स्थापना गरिएको वा ऐतिहासिक, धार्मिक एवम् सामाजिक महत्वको स्थानमा स्थापना भएको मन्दिरको हकमा श्रीकृष्ण प्रणामी धर्म निजानन्द सम्प्रदाय विस्तारमा महत्वपूर्ण भूमिका खेल्नसक्ने लागेमा प्रमुख संरक्षकले त्यस्ता मन्दिरलाई उपनियम (४) मा उल्लेखित शर्त पुरा नगरेको अवस्थामा पनि केन्द्रीय समितिको सिफारिशमा धाम नामाकरण गरी घोषणा गर्न र उल्लेखित शर्त पालना गर्ने गरि कार्य योजना तय गर्न निर्देशन दिन सक्नु हुनेछ ।

परिच्छेद–६

## नवतनधाम सभा तथा व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था

### २०. श्री नवतनधाम सभाः

(१) विधानको दफा २४ को उपदफा (१)(ख मा उल्लेखित **श्री नवतनधाम सभा** निम्न बमोजिम गठन हुनेछ ।

(क) श्री नवतनधाम व्यवस्थापन समिति एवम् मातहत रहेका श्री युगल स्मृति भवन डिल्लीबजार, श्री निजानन्द बृद्धाश्रम पूल्चोक, श्री प्राणनाथ सेवा आश्रम कोटेश्वर तथा श्रीकृष्ण प्रणामी सत्संग समिति गोङ्गबु व्यवस्थापन समितिका पदाधिकारी सदस्यहरु ।

(ख) श्री नवतनधाम, डिल्लीबजार, पूल्चोक, कोटेश्वर तथा गोङ्गबु इकाई समितिबाट सदस्यता लिएका तथा अन्तर्गत रहेका सम्पूर्ण आजीवन र साधारण सदस्यहरु ।

(ग) सेवा समितिले साबिकमा केन्द्रीय सभाकालागि सदस्यता दिएका आजीवन सदस्यहरु ।

(घ) केन्द्रीय समितिका बहालवाला पदाधिकारी सदस्यहरु ।

(ङ) काठमाण्डौ, ललितपुर, भक्तपुर काभ्रे र नुवाकोट जिल्लाका बहालवाला जिल्ला अध्यक्षहरु र जिल्ला समितिले १/१ जनाका दरले मनोनयन गरि पठाएका प्रतिनिधि सदस्यहरु,
तर सभामा भागलिनका लागि सदस्य प्रतिनिधिहरुको सदस्यता भने कुनैपनि मन्दिर इकाईबाट अध्यावधिक भएको हुनु पर्नेछ र प्रतिनिधि पठाउँदा उपनियम (१क, ख, ग र घ) बाहेकका ब्यक्तिहरुबाट हुनु पर्नेछ ।

(२) श्री नवतनधाम सभामा केन्द्रीय मन्दिर श्री नवतनधाम तथा मातहतमा रहेका उपरोक्त इकाईहरुको बार्षिक प्रगति बिवरण, आय ब्यय बिवरण, वार्षिक कार्य योजना पेश गरि पारित गरिनेछ ।

(३) श्री नवतनधाम सभाबाट प्रत्येक तीन वर्षका लागि नियम २१ अनुसार गठित छनौट समितिले सिफारिश गरे बमोजिम श्री नवतनधाम व्यवस्थापन समिति गठन गरिने छ ।

(४) श्री नवतनधाम सभा प्रत्येक वर्ष भाद्र मसान्तभित्र सम्पन्न गर्नु पर्नेछ ।

## २१. **श्री नवतनधाम ब्यवस्थापन समिति गठन प्रकृया तथा विधि :**

(१) श्री नवतनधाम सञ्चालन तथा ब्यवस्थापनका लागि केन्द्रीय समितिले श्री नवतनधामका गादिपति महाराजको सम्योजकत्वमा निम्नानुसार ७ जना ब्यक्तिहरु रहेको एक ब्यवस्थापन छनौट उपसमिति गठन गरी ब्यवस्थापन समितिमा रहने ब्यक्तिहरुको नाम नवतनधाम सभामा निर्णयार्थ पेश गर्नेछ ।

| | |
|---|---|
| (क) श्री नवतनधामका गादिपति महाराज | -सम्योजक |
| (ख) श्री नवतनधामका महन्त महाराज | -सहसम्योजक |
| (ग) केन्द्रीय समितिका अध्यक्ष | -सदस्य |
| (घ) केन्द्रीय सल्लाहकार समितिका सम्योजक | -सदस्य |
| (ङ) सरक्षक परिषद सचिवालयका सम्योजक | -सदस्य |
| (च) केन्द्रीय समितिका पूर्व अध्यक्ष मध्येबाट एक जना | -सदस्य |
| (छ) केन्द्रीय समितिको महासचिव एक जना | -सदस्य सचिव । |

(२) नियम २१ (१) अनुसारको उपसमितिले नवतनधाम सभामा श्री नवतनधाम ब्यवस्थापन समिति चयनका लागि देहाए बमोजिम २९ जनासम्मको नवतनधाम ब्यवस्थापन समितिमा रहने पदाधिकारी सदस्यहरु मध्ये पदेन बाहेक १७ जना तोकि सिफारिश गर्नेछ ।

| | |
|---|---|
| (क) सम्योजक-१ जना, | (ख) निवर्तमान सम्योजक-१ जना (पदेन) |
| (ग) उपसम्योजक-२ जना | (घ) सचिव-१ जना, |
| (ङ) कोषाध्यक्ष-१ जना, | (च) सहसचिव-१ जना, |
| (छ) सहकोषाध्यक्ष-१ जना, | (ज) सदस्य- ७ जना सम्म । |

(झ) श्री नवतनधाम सभाबाट केन्द्रीयसभाका लागि केन्द्रीय प्रतिनिधिको रुपमा मनोनयन भएका सदस्य -३ जना सदस्य ।

(ञ) श्रीकृष्ण प्रणामी युवा परिषद नेपाल तथा श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपालका श्री नवतनधाम प्रा.स.का अध्यक्ष- १/१ जना पदेन २ जना सदस्य ।

(ट) काठमाण्डौ/ललितपुर/भक्तपुर/काभ्रे/नुवाकोटका जिल्ला अध्यक्षहरु-पदेन सदस्य ५जना

(ठ) नवतनधाम मातहत रहेका श्री युगल स्मृति भवन (श्रीकृष्ण प्रणामी मन्दिर) डिल्लीबजार, श्री निजानन्द बृद्धाश्रम पुल्चोक (श्रीकृष्ण प्रणामी मन्दिर), श्री प्राणनाथ सेवा आश्रम कोटेश्वर र श्रीकृष्ण प्रणामी सत्संग समिति गोङ्गबु लगायतका ब्यवस्थापन समितिका संयोजकहरु-१/१ जना पदेन सदस्य ४ जना ।

(३) उपनियम (२) बमोजिम गठन हुने ब्यवस्थापन समितिमा संम्भव भएसम्म पदेन सदस्य बाहेक अन्य पदाधिकारी सदस्यहरुमा स्थानीय सुन्दरसाथ (कागेश्वरी मनोहरा न.पा., गोकर्णेश्वर न.पा., का.म.न.पा.का केही भाग) बाट ५० प्रतिशत, उपत्यका भित्रबाट २५ प्रतिशत र राष्ट्रीय स्तरबाट २५ प्रतिशत रहने गरी गठन गरिने छ ।

(४) नवतनधामको सम्योजक मनोनयन गर्दा उच्च नेतृत्व क्षमता भएको, धार्मिक संस्था सञ्चालनको अनुभव भएको, आमसुन्दरसाथहरु माझ चीर-परिचित रहेको ब्यक्तिलाई मनोनयन गरिनेछ । नवतनधामको ब्यवस्थापन समितिको सम्योजक केन्द्रीय समितिमा पदेन सदस्यको रुपमा समेत रहनेछ ।

(५) श्री नवतनधामको दैनिक कार्य सञ्चालनका लागि अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नवतनधामले गर्नुपर्ने काम छिटो, सुचारू र प्रभावकारी रूपले सञ्चालन तथा व्यवस्थापन गर्न निम्न पदाधिकारी रहेको एक नवतनधाम सचिवालय समिति गठन हुनेछ :-

(क) सम्योजक - १ जना,
(ख) उपसम्योजक- २ जना,
(ग) सचिव -१ जना,
(घ) कोषाध्यक्ष- १ जना,
(ङ) नियम २१ को उपनियम (२) को खण्ड (ट) मा उल्लेखित जिल्ला अध्यक्षहरु मध्येबाट - १ जना, र
(च) समितिका पदाधिकारी एवं सदस्यहरू मध्येबाट व्यवस्थापन समितिले तोकिदिएका ३ जना सदस्य ।”

तर व्यवस्थापन समितिले आवश्यक ठानेमा सदस्यहरू हेरफेर गर्न सक्नेछ ।

(६) सचिवालय समितिका कूल सदस्य संख्याको २/३ (दुई तिहाई) सदस्य उपस्थित नभई सचिवालय समितिको वैठक वस्ने छैन र सचिवालयको समितिको वैठक वोलाउंदा व्यवस्थापन समितिका सवै पदाधिकारीहरूलाई जानकारी गराइने छ । अन्य पदाधिकारी सदस्यहरुले सचिवालय समितिको वैठकमा सम्भव भएसम्म उपस्थित हुन पर्नेछ ।

(७) सचिवालय समितिले आफूले गरेको कामको प्रगति विवरण सहितको त्रैमासिक प्रतिवेदन व्यवस्थापन समिति र केन्द्रीय समितिमा पेश गर्नु पर्नेछ ।

(८) श्री नवतनधाम व्यवस्थापन समिति तथा सचिवालय समितिको बैठक श्री नवतनधाम गादिपति महाराज/श्री महन्त महाराजको समुपस्थितिमा बस्नेछ ।

(९) श्री नवतनधाम अन्तर्गत मन्दिर/इकाईको रुपमा काठमाडौं जिल्ला का.म.पा. वडा नं.-२९, डिल्लीबजार स्थित श्री युगलस्मृति भवन (श्रीकृष्ण प्रणामी मन्दिर), ललितपुर जिल्ला ल.पु.उ.म.पा. वडा नं.३ पुल्चोक स्थित श्री निजानन्द बृद्धआश्रम (श्रीकृष्ण प्रणामी मन्दिर), का.म.पा. वडा नं.-३२, कोटेश्वर स्थित श्री प्राणनाथ सेवा आश्रम र टोखा न.पा.-वडा नं.-१४ स्थित श्रीकृष्ण प्रणामी सत्संग समिति गोङ्गबु रहने छन ।

(१०) उपनियम (९) मा रहेका श्री युगल स्मृति भवन डिल्लीबजार, श्री निजानन्द बृद्धाश्रम पुल्चोक, श्री प्राणनाथ सेवा आश्रम कोटेश्वर र श्रीकृष्ण प्रणामी सत्संग समिति गोङ्गबुको संचालन एवं व्यवस्थापनका लागि नवतनधामका श्री गादिपति महाराज तथा श्री महन्त महाराज, केन्द्रीय अध्यक्ष तथा सम्बन्धित जिल्ला अध्यक्षसंगको परामर्शमा सम्बन्धित क्षेत्रका सुन्दरसाथ सदस्यहरुको भेलाबाट सम्योजक सहित बढीमा ७ देखि ११ जना सम्मको व्यवस्थापन समिति श्री नवतनधाम व्यवस्थापन समितिबाट गठन हुनेछ । यसरी गठन हुने व्यवस्थापन समितिहरुले श्री नवतनधामका गादिपति महाराज तथा महन्त महाराजको प्रत्यक्ष सरसल्लाह र नीति निर्देशनमा रही काम गर्नेछन् ।

(११) उपनियम (९) मा रहेका श्री युगल स्मृति भवन डिल्लीबजार, श्री निजानन्द बृद्धाश्रम पुल्चोक, श्री प्राणनाथ सेवा आश्रम कोटेश्वर र श्रीकृष्ण प्रणामी सत्संग समिति गोङ्गबुले विधानमा

व्यवस्था भएको इकाई समितिलाई लागू हुने सम्बन्धित जिल्ला समितिमा समेत प्रतिनिधित्व गर्ने, जिल्ला साधारणसभामा भाग लिने, कुनै पनि धार्मिक कार्यक्रम वा भौतिक प्रगतिका कार्य गर्दा सरसल्लाह गर्ने, सो को जानकारी दिने, प्रतिवेदन पठाउने एवम् जिल्ला समितिको नीति निर्देशनको पालना गर्नु पर्नेछ । यी व्यवस्थापन समितिले आफूले गरेको कामको त्रैमासिक, बार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन श्री नवतनधाम व्यवस्थापन समिति र सम्बन्धित जिल्ला समितिमा पेश गर्नु पर्नेछ ।

परिच्छेद–७

## गादिपति महाराज तथा महन्त महाराज सम्बन्धी व्यवस्था

### २२. गादिपति महाराज तथा महन्त महाराज सम्बन्धी व्यवस्था :

सेवा समितिको विधानको दफा २४ को उपदफा (२) बमोजिम प्रमुख संरक्षकद्वारा नियुक्त श्री नवतनधामका गादिपति महाराज र महन्त महाराजको अधिकार एवं जिम्मेवारी तपशिल बमोजिम हुनेछ । तल उल्लेखित बाहेक थप जिम्मेवारी प्रमुख संरक्षकले तोके बमोजिम हुनेछ ।

(१) श्री नवतनधामका गादिपति महाराजको अधिकार एवं जिम्मेवारी तपशिल बमोजिम हुनेछ ।

(क) गादिपति महाराजलाई श्री नवतनधाम लगायत सेवा समिति अन्तर्गतका मन्दिर, आश्रम इकाई समितिहरुले गरेको कामको सुपरिवेक्षण, अनुगमन गर्ने र आवश्यक निर्देशन दिने अधिकार हुनेछ ।

(ख) गादिपति महाराजलाई केन्द्रीय समितिको बैठकमा उपस्थित हुने, छलफलमा भाग लिने तथा उचित र उपयुक्त सल्लाह तथा सुझाव दिने अधिकार हुनेछ ।

(ग) धर्मसभाको सम्योजकको भूमिका निर्वाह गर्ने, नेपालमा श्रीकृष्ण प्रणामी धर्म प्रचार गर्ने गराउने र धर्म प्रचारकहरुलाई सो सम्बन्धी निर्देशन दिने,

(घ) श्री नवतनधाम विराट विकास योजनाका सम्बन्धमा संरक्षकत्व प्रदान गर्दै आवश्यक सरसल्लाह प्रदान गर्ने ।

(ङ) प्रमुख संरक्षकको निर्देशन एवं केन्द्रीय समितिको समन्वयमा गादिपति महाराजले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धार्मिक सभा सम्मेलनमा संस्थाको प्रतिनिधित्व गर्न सक्नुहुनेछ ।

(२) श्री नवतनधामका महन्त महाराजको अधिकार एवं जिम्मेवारी तपशिल बमोजिम हुनेछ ।

(क) प्रमुख संरक्षक तथा नवतनधामका गादिपति महाराजको निर्देशन तथा सल्लाह बमोजिम धर्म प्रचार प्रसारको काम गर्ने,

(ख) नवतनधामका गादिपति महाराजका कामलाई सहयोग गर्ने,

(ग) महन्त महाराजलाई केन्द्रीय समितिको बैठकमा उपस्थित हुने, छलफलमा भाग लिने तथा उचित र उपयुक्त सल्लाह तथा सुझाव दिने अधिकार हुनेछ ।

(घ) धार्मिक कार्य व्यवस्थापन महाशाखा अन्तर्गत रहेका विभागका कार्यहरुलाई निर्देशन गरी अगाडि बढाउने, गुरुकुलम सञ्चालन गर्ने, धार्मिक शिविर तथा प्रशिक्षण कार्यक्रमहरुमा नेतृत्व प्रदान गर्ने,

(ङ) नवतनधाम लगायत सेवा समिति अन्तर्गतका मन्दिर, आश्रम, इकाई समितिहरुले गरेको कामको सुपरिवेक्षण गर्ने, अनुगमन गर्ने र आवश्यक निर्देशन दिने, कार्य समितिको बैठकमा उपस्थित हुने, छलफलमा भाग लिने, उचित र उपयुक्त सल्लाह तथा सुझाव दिने अधिकार हुनेछ ।

(च) श्री नवतनधाम विराट विकास योजना कार्यान्वयनमा नेतृत्वदायी भूमिका प्रदान गर्ने ।

(छ) प्रमुख संरक्षकको निर्देशन, नवतनधाम गादिपति महाराजसंगको सरसल्लाह तथा केन्द्रीय समितिसंगको समन्वयमा राष्ट्रिय/अन्तर्राष्ट्रिय धार्मिकसभा सम्मेलनमा संस्थाको प्रतिनिधित्व गर्न सक्नु हुनेछ ।

(ज) गादिपति महाराजको अनुपस्थितिमा उहाँले गरि आउनु भएको काम गर्ने ।

(३) गादिपति महाराज वा महंत महाराजमध्ये कुनै एकजना उपस्थित हुन नसक्ने वा कुनै कारणवश पदखाली रहन गएको अवस्थामा संस्थाको विधान वा नियमावलीमा तोकिएका उल्लेखित कार्यहरु उपलब्ध हुनु भएको गादिपति वा महंत महाराजलाई प्रमुख संरक्षकले दुबैले गर्दै आउनु भएको कार्य सम्पादन गर्ने गरि तोक्न सक्नु हुनेछ ।

## परिच्छेद–८
## केन्द्रीय महाशाखा तथा विभाग सम्बन्धी व्यवस्था

### २३. केन्द्रीय महाशाखा सम्बन्धी व्यवस्था :

(१) सेवा समितिको विधानको दफा २८ मा व्यवस्था भए बमोजिम संस्थाको केन्द्रीय स्तरमा धार्मिक कार्य व्यवस्थापन महाशाखा र संगठन व्यवस्थापन महाशाखा गरी २ दुई महाशाखा रहने छन ।

(२) धार्मिक कार्य ब्यवस्थापन महाशाखाको नेतृत्व श्री नवतनधामका महन्तले गर्नु हुनेछ । संगठन ब्यवस्थापन महाशाखाको नेतृत्व केन्द्रीय अध्यक्षले गर्नु हुनेछ ।

### २४. विभाग सम्बन्धी व्यवस्था :

(१) केन्द्रीय महाशाखाहरु अन्तर्गत निम्नानुसार विभागहरु रहने छन । आवश्यक्ता अनुसार केन्द्रीय समितिले विभागको संख्या थपघट गर्न वा समायोजन गर्न सक्नेछ ।

**(क) धार्मिक कार्य व्यवस्थापन महाशाखा** अन्तर्गत निम्न विभागहरु रहने छन ।

(१) धर्म-प्रबर्धन, प्रचारप्रसार तथा प्रचारक ब्यवस्थापन विभाग,

(२) आध्यात्मिक जीवन शैली प्रबर्धन विभाग,

(३) धर्म प्रशिक्षण तथा गुरुकुल सञ्चालन विभाग,

(४) योग, ध्यान, चितवनी ब्यवस्थापन विभाग,

(५) धार्मिक अनुसन्धान तथा साहित्य प्रकाशन विभाग ।

**(ख) संगठन व्यवस्थापन महाशाखा** अन्तर्गत निम्न विभागहरु रहने छन ।

(१) सामाजिक सेवा विभाग,
(२ आर्थिक प्रशासन तथा लेखापरीक्षण विभाग,
(३) केन्द्रीय कोष प्रबर्धन विभाग,
(४) संगठन तथा प्रशासन विभाग,
(५) सम्पति संरक्षण विभाग,
(६) सूचना, संचार तथा प्रचार प्रसार विभाग,
(७) भौतिक योजना तथा विकास निर्माण विभाग,
(८) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संम्बन्ध बिस्तार विभाग ।

(२) केन्द्रीय समितिले सम्भव भएसम्म केन्द्रीय पदाधिकारी वा केन्द्रीय सदस्य तथा कार्य-क्षमता एवम् कार्य-अनुभवको आधारमा केन्द्रीय पदाधिकारी/सदस्य हुन योग्यता पुगेका कुनैपनि सुन्दरसाथलाई विभागको सम्योजक तोक्न सक्नेछ । विभागीय सम्योजकसंगको सरसल्लाहमा केन्द्रीय सचिवालयको निर्णय अनुसार १० जनासम्म सदस्यहरु मनोनयन गर्न सकिने छ । केन्द्रीय अध्यक्षको प्रस्तावमा केन्द्रीय समितिले कुनैपनि बेला विभागीय सम्योजक तथा सदस्यहरु परिवर्तन गर्न सक्नेछ । केन्द्रीय पदाधिकारी/सदस्यबाहेकका विभागीय सम्योजकहरु केन्द्रीय समितिमा विशेष आमन्त्रित सदस्यको रुपमा भागलिन पाउनेछन ।

(३) विभागको काम, कर्तव्य र अधिकार, काम गर्दा अवलम्बन गर्ने कार्यविधि तथा अन्य व्यवस्था "कार्यगत विभाग गठन तथा सञ्चालन कार्यविधि" मा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–९
## सम्पत्ति तथा कोष व्यवस्थापन सम्बन्धी व्यवस्था

### २५. चल, अचल सम्पत्ति व्यवस्थापनः

(१) सेवा समितिको विधानको दफा ३० तथा दफा ३१ बमोजिम संस्थाका चल अचल सम्पतिको अभिलेख सम्बन्धित इकाई, जिल्ला र केन्द्रीय समितिमा दुरुस्त राखिने छ । अचल सम्पतिको रुपमा तथा भोग चलनको रुपमा रहेका जग्गा जमिन र भवन तथा महत्वपूर्ण भौतिक संरचनाको मूल्यांकन सहितको लगत विवरण सम्बन्धित जिल्ला तथा इकाई समितिले प्राप्त हुनासाथ सो को विवरण केन्द्रीय समितिमा अभिलेखका लागि पठाउनु पर्ने छ । चल अचल सम्पति दाताले दिएको वा समितिले खरिद गरेको हो वा भोग चलनमा पाएको हो सो समेत खुलाउनु पर्नेछ ।

(२) संस्थाको कुनैपनि तहले अचल सम्पतिको खरिद बिक्री, स्वामित्वको हस्तान्तरण वा भोगचलनको अधिकार अन्य कसैलाई प्रदान गर्ने कार्यका लागि केन्द्रीय समितिको अग्रिम स्वीकृत तथा सिफारिस प्राप्त गर्नु पर्नेछ ।

(३) केन्द्रीय समितिले प्रत्यक्ष आफै व्यवस्थापन गर्नु पर्ने अचल सम्पतिको भोगाधिकार कसैलाई प्रदान गर्ने वा स्वामित्व हस्तान्तरण गर्ने कार्यका लागि संरक्षक परिषद सचिवालय मार्फत प्रमुख संरक्षकलाई जानकारी गराउनु पर्नेछ ।

## २६. कोष व्यवस्थापन, लेखा तथा लेखापरीक्षण :

(१) सेवा समितिको विधानको दफा ३२ मा उल्लेख भए बमोजिम मूख्य रुपमा संस्थामा निम्न ३ किसिमका कोष हुनेछन ।

(क) **कार्य सञ्चालन कोषः** यस कोषमा मन्दिर तथा समितिको दैनिक कार्य सञ्चालनका लागि विशेष प्रयोजन नतोकि सुन्दरसाथ तथा अन्यबाट प्राप्त रकम जम्मा गरिने छ र दैनिक कार्य सञ्चालन, नियमित मेला पर्व तथा मर्मत सम्भारलगायतमा खर्च गरिने छ ।

(ख) **अक्षयकोषः** यो कोषमा सुन्दरसाथहरुले विशेष प्रयोजन तोकि संस्थामा जम्मा गरेको रकम जम्मा गरिने छ, यसको मूलधन नमासी तोकिएको कार्यका लागि सम्झौताका शर्त बमोजिम खर्च सो कोषबाट आर्जित ब्याजबाट गरिने छ । श्रीकृष्ण प्रणामी केन्द्रीय कोष स्थापना पश्चात यस किसिमका कोषपनि श्रीकृष्ण प्रणामी केन्द्रीय कोष अन्तर्गत रहने छन र हाल कायम रहेका कोषहरु क्रमशः श्रीकृष्ण प्रणामी केन्द्रीय कोषभित्र समायोजन गरिने छ ।

(ग) **श्रीकृष्ण प्रणामी केन्द्रीय कोषः** यो कोषमा श्रीकृष्ण प्रणामी धर्म निजानन्द सम्प्रदायको प्रचार, प्रसार, सामाजिक कार्य सञ्चालन र ठूलाठूला धार्मिक अनुष्ठानका लागि सुन्दरसाथ तथा अन्य ब्यक्ति एवं संघसंस्थाबाट आवधिक वा एकमूष्ट योगदान गरेको रकम जम्मा गरिने छ र कार्यविधिमा तोकिए बमोजिम खर्च गरिने छ । अक्षय कोष प्रकृतिका कोष समेत यसै अन्तर्गत रहने र सम्पूर्ण प्रणामी समाजको एकमात्र कोषको रुपमा विकसित गरिने छ ।

(२) जिल्ला समिति तथा इकाई समितिको लेखापरीक्षण जिल्ला सभाबाट नियुक्त लेखापरीक्षकबाट गराउन सकिनेछ । त्यसरी लेखापरीक्षण गराइएका आय व्यय विवरण तथा कार्य प्रगति विवरण केन्द्रीय समितिमा पेश गर्नु पर्नेछ । जिल्ला समिति नभएका इकाईहरुले आफ्नो इकाई सभाबाट नियुक्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउन सकिनेछ । साथै आफनो जिल्ला वा अन्तर्गतका इकाईहरुको लेखा श्रेष्ता तयारीका लागि सहजिकरण र आन्तरिक लेखापरीक्षणका लाागि जिल्ला समितिले लेखा उपसमिति गठन गरी गर्नु गराउनु पर्नेछ ।

(३) संस्थाको लेखा ब्यवस्था, कोष संचालन ब्यवस्था, प्रचलित कानुनेले तोकेको मापदण्ड, सेवा समितिको विधानमा उल्लेखित ब्यवस्था र सेवा समितिले जारी गरेको आर्थिक कार्यविधिमा ब्यवस्था भए बमोजिम संचालन हुने छ भने केन्द्रीय कोषको संचालन ब्यवस्था भने छुट्टै श्रीकृष्ण प्रणामी केन्द्रीय कोष संचालन कार्यविधि बमोजिम हुनेछ ।

## परिच्छेद–१०
## कर्मचारी तथा निर्वाचन सम्बन्धी व्यवस्था

**२७. कर्मचारी सम्बन्धी व्यवस्था :**

विधानको दफा ३५ बमोजिम संस्थाको काम कारवाहीको निमित्त कार्य समितिबाट निर्धारण भए बमोजिम आवश्यक संख्यामा प्रशासकीय, प्राविधिक कर्मचारीहरू तथा विशेषज्ञहरू रहने छन, यसरी नियुक्त हुने प्रशासकीय तथा प्राविधिक कर्मचारीहरू तथा विशेषज्ञहरुको काम, कर्तव्य र अधिकार र निजहरूको पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू केन्द्रीय समितिले कर्मचारी सम्बन्धी छुट्‌टै कार्यविधि बनाई लागू गर्नेछ ।

**२८. निर्वाचन सम्बन्धी व्यवस्था :**

विधानको दफा ३७ अनुसारको निर्वाचन प्रकृया सुब्यवस्थित गर्न केन्द्रीय समितिले छुट्‌टै कार्यविधि बनाई लागू गर्नेछ ।

## परिच्छेद–११
## विविध

**२९. धाम तथा मन्दिर परिसरमा अन्य संस्था संचालन गर्न गराउन नपाउने :**

(१) श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको नाममा जायजेथा सम्पति सहित इकाई दर्ता भई संचालनमा रहेका इकाई शाखाको परिसर भित्र अनधिकृतरुपमा कुनै पनि प्रयोजनको लागि अन्य नाममा छुट्‌टै संस्था दर्ता गरी वा नगरी यस संस्थाको स्वीकृति नलिई साइनवोर्ड राख्न, कार्यालय वा कार्यक्रम संचालन गर्न, सहयोग संकलन गर्न पाइने छैन तर कुनै विशेष प्रयोजनका लागि कुनै नाममा सहायक संस्थाको नामबाट संचालन गर्न आवश्यक परेमा उक्त समितिको स्वीकृति वा निर्णयले उपसमिति स्तरमा रहने गरी संचालन गर्न सकिने छ ।

(२) यो नियमावली लागु पूर्व संचालनमा रहेका वा त्यस्तो कार्य भएको भए त्यस्ता संस्था हटाउने वा उपनियम (१) बमोजिम संचालन गर्नु पर्नेछ ।

**३०. छाप, झण्डा तथा लोगो सम्बन्धी व्यवस्था :**

सेवा समितिको विधानको दफा ३ को उपदफा (२), (३) र (४) बमोजिमको छाप, लोगो झण्डाको नमूना (ढाँचा) अनुसूचि १ मा उल्लेख भए बमोजिम हुनेछ ।

**३१. कार्यविधि, बिनियमावली तथा निर्देशिका वनाउने अधिकार :**

सेवा समिति नेपालको विधान तथा यस नियमावली बमोजिम संस्थाको उद्देश्य कार्यान्वयन गर्न गराउन केन्द्रीय समितिले आवश्यक **कार्यविधि, बिनियमावली तथा निर्देशिका** बनाई लागूगर्न सक्नेछ ।

**३२. <u>खारेजी र वचाउ</u> :**

(१) यो नियमावली पारित भएको मितिदेखि यस भन्दा अघि समय समयमा जारी गरिएका विभिन्न नियमावलीहरु खारेज भएको मानिने छ ।

(२) यस भन्दा अघि कायम रहेको नियमावली खारेज भई यो नियमावली लागू भएपछि तत्काल कायम रहेको नियमावली बमोजिम भए गरेका कार्यहरु यसै नियमावली अनुसार भए गरेको मानिने छ र श्रीकृष्ण प्रणामी सेवा समिति नेपालले गरिरहेका कामहरू सो नियमावली खारेज नभए सरह चालु रहने छ ।

**॥ प्रणाम ॥**

**( अनुसूचि १ )**

**संस्थाको छाप तथा लोगो, झण्डा र लेटरप्याड**

छाप तथा लोगोको नमुना

झन्डाको नमुना




प्रणाम लेखिएको रातो रंगमा सेतो बोर्डर भएको)

## लेटरप्याडको नमुना

"सुख शीतल करुँ संसार, प्रेम सद्भाव सेवा यसका आधार"
श्री कृष्णायनमः
श्री मन्निजानन्दो विजयते

# श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल
## केन्द्रीय समिति

जि.प्र.का.काठमाण्डौ द.नं.: ९/०२३
स.क.प.द.नं.३०२/०४७/०४८
पान नं. ३०१७४६४७६
कागेश्वरी मनोहरा न.पा.८
श्री नवतनधाम, काठमाडौं
फोन नं.: ०१. ५१४८२२२

च.नं.:- मितिः-

Website:-krishnapranami.org.np, Email:-skpssn2023@gmail.com/shreekrishna_pranami@yahoo.com

## साइनवोर्डको नमुना

"सुख शीतल करूँ संसार, प्रेम, सद्भाव, सेवा, यसका आधार"
श्रीकृष्णाय नमः
श्री मन्निजानन्दो विजयतेः

जि.प्र.का.काठमाण्डौ द.नं.:९/०२३
स.क.प.द.नं.:३०२/०४७/०४८
पान नं.:३०१७४६४७६

# श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल
## केन्द्रीय समिति

कागेश्वरी मनोहरा न.पा.-८, श्री नवतनधाम, काठमाण्डौ
फोन नं.:०१-५१४८२२२

अनुसूचि-२ (क)

स.द.नं.: ९/०२३ पान नं. ३०१७४६४७६

श्रीकृष्णाय नमः

श्री मन्निजानन्दो विजयते:

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

**शपथ ग्रहण** (पदाधिकारी)

म.................................................(शपथ कर्ताको नाम) श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको .......... समितिको ...........................पदमा रही श्री राजश्यामाजीको नाममा यस साधारण सभा / ............ समिति समक्ष यो प्रतिज्ञा गर्दछु मेरो सामर्थ्यले भ्याएसम्म समितिको पदाधिकारी सदस्यका हैसियतले सवै काम तथा वैठकहरूमा नियमित रूपले भाग लिनेछु । संस्थाको अहित हुने गरी गोपनियता भंग हुने, लान्छना लगाउने तथा अनियमितता गर्ने छैन । संस्थाको विधान, नियमावली, कार्यविधि, निर्णय, निर्देशन लगायत कानूनको पालना गर्नेछु । संस्थाको विकास सम्बृद्धि र सदस्यको हितका लागी निःशर्त, निःस्वार्थ र निःशुल्क इमान्दारी पूर्वक कार्य गर्ने तथा पवित्र हृदयले पक्षपात रहित तरिकाबाट निर्णय लिनेछु । प्रणाम ।

**पद ग्रहण गर्ने पदाधिकारीको**

(क) नाम :

(ख) दस्तखत :

(ग) मिति :

(घ) पद :

**शपथ गराउने अधिकारीको**

(क) नाम :

(ख) दस्तखत :

(ग) मिति :

(घ) पद :

इति सम्बत २०........ साल ................ महिना ............ गते रोज ......... शुभम् ।

अनुसूचि-२ (ख)

स.द.नं.: ९/०२३ पान नं. ३०१७४६४७६

श्रीकृष्णाय नमः
श्री मन्निजानन्दो विजयतेः
श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

मिति : ................

**शपथ ग्रहण** (साधारण सदस्य)

म ..................................................(शपथ कर्ताको नाम) श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको .......... ............................ को साधारण सदस्य पदमा रही श्री राज श्यामाजीका नाममा सत्य निष्टापूर्वक सो सपथ लिन्छु कि मैले जानेबुझेसम्म कसैको दवाब मोलाहिजा र करकापमा नपरी साधारण सदस्यका हैसियतले यस श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको गोपनीयता प्रकाश नगरी सधैंभरी निस्वार्थपूर्वक यस संस्थाको उद्देश्य परिपूर्ति गर्न र संस्थाको विधान निर्णय, निर्देशन लगायत कानूनको पालना गर्नेछु । संस्थाको विकास सम्वृद्धि र सदस्यको हितका लागि निःशर्त र निःस्वार्थ इमान्दारी पूर्वक मेरो सामर्थ्यले भ्याएसम्म हरतरहले सेवारत रहनेछु । प्रणाम ।

**सपथ ग्रहण गर्ने साधारण सदस्यको**

(क) नाम :

(ख) दस्तखत :

(ग) मिति :

(घ) पद : ................ सदस्य

**शपथ गराउने अधिकारीको**

(क) नाम :

(ख) दस्तखत :

(ग) मिति :

(घ) पद :

इति सम्बत २०........ साल ................ महिना ............ गते रोज ......... शुभम् ।

## सेवा समितिको नियानवलीमा दस्तखत गर्ने पदाधिकारी सदस्यहरु

| क्र.सं. | पद | पदाधिकारीको नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री श्यामकृष्ण शर्मा | बालुटार काठमाण्डौ | |
| २ | निबर्तमान अध्यक्ष | श्री श्याम के.सी. | जावलाखेल, ललितपुर | |
| ३ | उपाध्यक्ष | श्री कल्याणकुमार कार्की | पोखरा सयलापाखा, कास्की | |
| ४ | उपाध्यक्ष | श्री रेशमराज ढकाल | पानीपोखरी काठमाण्डौ | |
| ५ | उपाध्यक्ष | श्री नगेन्द्रबहादुर खड्का | औरी, बर्दिया | |
| ६ | उपाध्यक्ष | श्री शारदाप्रसाद थपलिया | बिर्तामोड, झापा | |
| ७ | उपाध्यक्ष | श्री रामकृष्ण तिवारी | हेटौडा मकवानपुर | |
| ८ | उपाध्यक्ष | श्री कृष्णप्रसाद बजगाई | बिर्तामोड, झापा सत्संग प | |
| ९ | उपाध्यक्ष | श्री पूर्णप्रसाद ढकाल | प्रतिष्ठान इटहरी | |
| १० | महासचिव | श्री नवराज कोइराला | टंकिसिनवारी, मोरङ | |
| ११ | कोषाध्यक्ष | श्री होमनाथ बराल | कोटेश्वर, काठमाण्डौ | |
| १२ | उपमहासचिव | श्री भोलानाथ दाहाल | नजरपुर, रौतहट | |
| १३ | सहकोषाध्यक्ष | श्री असोककुमार थापा | इमाडोल, ललितपुर | |
| १४ | सदस्य | श्री गोपालकृष्ण संजेल | भैमाल, काठमान्डौ | |
| १५ | सदस्य | श्री टिकादत्त बराल | टिकौली, चितवन | |
| १६ | सदस्य | श्री भक्तिप्रसाद सापकोटा | बिरेन्द्रनगर, सुर्खेत | |
| १७ | सदस्य | श्री सुदर्शनप्रसाद सापकोटा | नजरपुर, रौतहट | |
| १८ | सदस्य | श्री बद्रिप्रसाद ओली | तनहुदेवघाट चितवन | |
| १९ | सदस्य | श्री मुरलिकृष्ण खनाल | नवलपरासी बर्दघाट | |
| २० | सदस्य | श्री कौशिला दंगाल अधिकारी | काठमान्डौ | |
| २१ | सदस्य | श्री चन्द्र डाँगी | बिर्तामोड, झापा | |
| २२ | सदस्य | श्री जीबनाबादे श्रेष्ठ | बनेपा, काभ्रे | |
| २३ | सदस्य | श्री रामाज्ञप्रसाद साह | कलैया, बारा | |
| २४ | सदस्य | श्री नमराज ढकाल | नुवाकोट, हाल काठमाण्डौ | |
| २५ | सदस्य | श्री केदारप्रसाद तिमल्सिना | सातदोबाटो ललितपुर | |
| २६ | सदस्य | श्री बासुदेव थापा | दहचोक, काठमाण्डौ | |
| २७ | सदस्य | श्री अर्जुनप्रसाद वाग्ले | हेटौडा, मकवानपुर | |
| २८ | सदस्य | श्री श्यामप्रसाद बराल | जिरौना, चितवन | |
| २९ | सदस्य | श्री सुधाम के.सी | भक्तपुर | |
| ३० | सदस्य | श्री दिवाकर संजेल | भैमाल, काठमाण्डौ | |
| ३१ | सदस्य | श्री तुलसीकुमारशर्मा भट्टराई | सलकपुर, मोरङ | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | सदस्य | श्री मालती ओझा | कास्की, हाल काठमाण्डौ | |
| ३३ | सदस्य | श्री लिलाराम भारती | भुरिगाउ, बर्दिया | |
| ३४ | सदस्य | श्री केशवप्रसाद अधिकारी | भरतपुर, चितवन | |
| ३५ | सदस्य | श्री गोकुल रिजाल | नवतनधाम, काठमान्डौ | |
| ३६ | सदस्य | श्री शारदा गौतम भट्टराई | अत्तरीया, कैलाली | |
| ३७ | सदस्य | श्री दामोदरप्रसाद अर्याल | राधाकृष्ण सेवा संस्था | |
| ३८ | सदस्य | श्री राजेन्द्र देउजा | जडिबुटी काठमाण्डौ | |
| ३९ | सदस्य | श्री रोमन कट्टेल | बिराटनगर मोरङ | |
| ४० | सदस्य पदेन यु.प. | श्री जगदिशचन्द्र शर्मा | जिरौनाँ, चितवन | |
| ४१ | सदस्य पदेन बामस. | श्री शारदा पुडासैनी शर्मा | बालुवाटार, काठमाण्डौ | |

॥ प्रणाम ॥

# श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको सांगठनिक स्वरूप




कार्य समितिकौ मिति २०८०।०६।१२ को ११वौ पूर्ण बैठकबाट पारित भै मिति २०८०।०६।१३ को ५६वौ साधारणसभाबाट सर्वसम्मत स्वीकृत